# विद्यालय शिक्षा ऐन २०८० को मस्यौदामा समावेश भएका विषयमा ने.शि. महासङ्घको सुझाव

| क्र.सं. | परिच्छेद | दफा | विषय | भएको | हुनुपर्ने | आधार |
|---|---|---|---|---|---|---|
| 1. | १ | २ (ग) परिभाषा | अभिभावक | संरक्षक वा माथवरलाई अभिभावक मानेको । | विद्यार्थीको आमाबाबु, बाजेबज्यै र संरक्षक मात्र अभिभावक हुनसक्ने व्यवस्था गर्ने । | केटाकेटीलाई घरायसी काममा राखेर वि.व्य.स.मा जाने प्रबृत्ति कम हुने । |
| 2. | | २ (घ) | आधारभूत शिक्षा | १ देखि ८ | प्रारम्भिक बालकक्षा देखि कक्षा ८सम्म हुनुपर्ने । | विद्यालय शिक्षाको आधारभूमि प्रारम्भिक बालशिक्षा भएकोले । |
| 3. | २ | ५ | अनुमती | स्थानीय तहले | आधारभूत तहको स्थानीय तह आफैंले र माध्यमिक तहको स्थानीय तह र जि.शि.का.को सिफारिसमा प्रदेश निर्देशनालयले । | अन्तराष्ट्रिय अभ्यास अनुसार विद्यालय शिक्षामा प्रदेशको भूमिका समेत सुनिश्चित गर्न । |
| 4. | २ | ८ | शिक्षणको माध्यम भाषा | गणित,विज्ञान र कम्प्युटर अङ्ग्रेजीमा अध्यापन गर्नुपर्ने । | गणित, विज्ञान र कम्प्युटर विषय अङ्ग्रेजी वा नेपालीमा अध्यापन गर्नुपर्ने । | शिक्षक उपलब्धता र विद्यार्थीको भाषागत कठिनाइ दृष्टिगत गर्दा । |
| 5. | | १२ | विद्यालय बन्द गर्ने । | स्थानीय कानुनले तोके वमोजिम । | प्रदेश कानुनले तोके वमोजिम । | स्थापना /सञ्चालन गर्ने र बन्द गर्ने निकाय अलग बनाउन उचित हुने । |
| 6. | | १६(२) | प्र.अ.सम्बन्धी व्यवस्था | शिक्षा कार्यालय प्रमुख, पालिकाको प्रशासकीय अधिकृत र शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको समितिले छनोट गर्ने । | तोकिएको योग्यता पुगेका स्थायी शिक्षकबाट खुला प्रतिस्पर्धा गराइ **शिक्षक सेवा आयोग**को सिफारिसमा जि.शि.का.ले प्रधानाध्यपक नियुक्त गर्ने । | प्रधानाध्यापक छनोट निष्पक्ष हुने र पालिकाले आग्रहका आधारमा हटाउन र खोस्न सक्ने अवस्था नरहने । विद्यालय प्रशासनमा स्थिरता हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 7. | | १७ | वि.व्य.स. | अभिभावकको संयोजकत्वमा गठन गर्ने । | वि.व्य.स.गठनको अधिकार पालिकामा भए पनि वि.व्य.स.को स्वरुप कस्तो र त्यसमा को को रहने प्रष्ट पार्न सङ्घीय ऐनमा प्रारुप दिने । स्वरुपः (कम्तीमा २ महिला सहित ५ जना अभिभावकबाट, वडाध्यक्ष वा निजले तोकेको वडासदस्य पदेन सदस्य, प्रधानाध्यापक पदेन सदस्य सचिव ,एकजना शिक्षक प्रतिनिधिसहित ९ जन हुने ।) | -अभिावकको भूमिका बृद्धि तथा समावेशीकरणको सुनिश्चिती गर्न एवम् एकरुपता कायम गर्न । - वि.सं. २०७८।११। ०९मा शिक्षा मन्त्रालय र महासङ्घ बीच भएको सहमतीको बुँदा नं. ९ अनुसार । |
| 8. | | १९ | अनुमती रद्ध गर्ने | स्थानीय तहले | आधारभूतको स्थानीयतहले र मावि को स्थानीयतह र जि.शि.का. को सिफारिसमा प्रदेश निर्देशनालयले । | विद्यालय शिक्षामा प्रदेशको भूमिका प्रभावकारी बनाउन । |
| 9. | | २०(३) | प्रारम्भिक बाल विकास केन्द्र | सहयोगी कार्यकर्ता | - बाल विकास केन्द्रका अध्यापन कर्तालाई शिक्षक भन्ने र यस तहलाई विद्यालय संरचनाभित्र ल्याउनुपर्ने । - बालविकास तहमा प्राथमिक तृतीय सरहको दरबन्दी सिर्जना गर्ने र आन्तरिक/खुला प्रतियोगिता मार्फत् आयोगबाट स्थायी गर्ने तथा परीक्षामा सामेल हुन उमेरको हद नलाग्ने । | विद्यालय शिक्षाको आधार नै बाल शिक्षा भएकोले । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 10 | | २२ | जिल्ला शिक्षा कार्यालयको काम | नौ ओटा कामहरु उल्लेख छन् । | यसमा निम्न काम थप्ने :<br>१.शिक्षक-कर्मचारीको का.स.मू.सम्बन्धी कार्य ।<br>२.जिल्ला भित्रको अन्तरपालिका शिक्षक-कर्मचारी सरुवा ।<br>३.लामो विदा(अध्ययन,वेतलवी, असाधारण विदा स्वीकृती,<br>४.शिक्षक कर्मचारीको विभागीय कार्यबाही र शिक्षक किताबखानासँग सम्बन्धित निवृत्तीभरण सम्बन्धी कार्य ।)<br>५.विद्यालय शिक्षा सम्बन्धी समन्वय गर्ने । | सङ्घीय संरचनाको समेत भूमिका कायम राख्न ।( संविधानको धारा २२० उपधारा ७(ग) ले जिल्लामा सङ्घ र प्रदेशको काम हेर्ने गरी कार्यालयहरु रहन सक्ने प्रबन्ध गरेको छ । |
| 11 | परिच्छेद ३ | दफा २४ | रा.पा.परिषदको काम | यो बुँदा उल्लेख छैन । | ज)स्थानीय पाठ्यक्रमको प्रारुप तयार गर्ने र स्थानीय तहले तयार भएका पाठ्यपुस्तक स्वीकृती दिने । | यसले पाठ्यक्रम र पाठ्यपुस्तक स्तरीय हुने तथा शिक्षाको राष्ट्रिय उद्देश्य अनुरुप हुने । |
| 12 | | दफा २७ उपदफा १ | परीक्षा सञ्चालन र व्यवस्थापन | एसइइ परीक्षा हटाएको । | प्रदेश तहले गर्ने गरी एसइइ (कक्षा १० को परीक्षा) राख्ने । | स्तरीकृत परीक्षाको सङ्ख्या बढ्दा शैक्षिक गुणस्तरमा सकारात्मक प्रभाव पर्ने ।(सकिन्छ भने ५ मा पनि राखौं) |
| 13 | ४ | दफा २८ | रा.प.बोर्डको गठन | महासङ्घको प्रतिनिधित्व छैन । | अध्यक्ष, ने.शि.महासङ्घ-सदस्य थप गर्ने । | शिक्षक समुदाय र बोर्ड बीच सहकार्य र अपनत्व बढ्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 14 | ५ | दफा ३९को ३(क) | शिक्षक सेवाको गठन | आधारभूत शिक्षक १ देखि ५ सम्म साधारण | प्रारम्भिक बालकक्षा देखि कक्षा ५ सम्म साधारण अध्यापन गर्ने शिक्षकलाई साधरण । | प्रारम्भिक बाल शिक्षालाई विद्यालय संरचना भित्र पार्नु पर्ने भएकोले । |
| 15 | | दफा ४० | शिक्षकको श्रेणी विभाजन | तीन श्रेणी(प्रथम, द्वितीय र तृतीय) | चार श्रेणी (विशिष्ठ, प्रथम, द्वितीय र तृतीय ) समावेश गर्ने । | शिक्षक पेसाप्रति आकर्षण बढाउन । |
| 16 | | दफा ४२(क) | शिक्षकको दरबन्दी | विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षक दरबन्दी रहनेछ । | आधारभूत तह(१-५) मा प्रधानाध्यापक बाहेक कक्षागत, आधारभूत तह(६-८) र माध्यमिक तहमा प्रधानाध्यापक बाहेक विषयगत शिक्षकको दरबन्दी रहने छ । | आवश्यक शिक्षक सङ्ख्या सुनिश्चित गर्न । |
| 17 | | दफा ४३(१) | शिक्षक दरबन्दी मिलान र हस्तान्तरण | दरबन्दी स्थानीय तहमा हस्तान्तरण हुने । | १.सङ्घबाट स्वीकृत शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण हुन नहुने सङ्घीय तहमा नै रहनुपर्ने ।<br>२.हस्तान्तरण गर्ने प्रयोजनमा आकर्षक सुविधा सहित रोज्ने अवसर दिइनु पर्ने । | -सबै सेवा शर्त सुविधा केन्द्रबाट प्रदान गर्ने भएपछि दरबन्दी मात्र त्यहाँ दिनुको कुनै औचित्य रहँदैन ।<br>- एकप्रकारको सेवाशर्तमा भर्ना भएको पेसाकर्मीलाई उसको मन्जुरी विना त्यो परिवर्तन गर्न नपाइने कानुनी सिद्धान्त । |
| 18 | | दफा ४३ (४) | राहत कोटा | राहत, साविक उमावि र विशेष शिक्षा कोटा , दरबन्दीमा बदलिने । | राहत,साविक उमावि, विशेष शिक्षा, शिक्षण सिकाइ अनुदान कोटा, प्राविधिक धार कोटा स्वतः दरबन्दीमा परिणत हुने । | एकै खालका सेवा शर्त सुविध हुने शिक्षकको प्रबन्ध गर्न । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 19 | | दफा ४३ (५) | पदपूर्ति सम्बन्धी व्यवस्था | स्थानीय तहले पदपूर्ति गर्ने । | आयोगको सिफारिसमा स्थानीय तहले नियुक्त गर्ने । | नियुक्ति र पदपूर्ति फरक प्रक्रिया हुन् । |
| 20 | | ४३(७) | दरबन्दी पुनर्वितरण | ४३(१) अनुसारको भाषा छ । | स्थानीय तहले सङ्घीय कानुन अनुसार बनेको मापदण्ड र कार्यविधिअनुसार पालिका भित्र दरबन्दी पुनर्वितरण गर्न सक्ने । | शिक्षा सम्बन्धी मापदण्ड सङ्घको हुने भएकोले । |
| 21 | | ४३(९) | दरबन्दीको पदपूर्ति | शि.से. आ.को सिफारिसमा स्थानीय तहले पदपूर्ति गर्ने । | आयोग सिफारिसमा स्थानीय तहले नियुक्त गर्ने । | पदपूर्ति शिक्षक सेवा आयोगबाट हुने भएकोले । |
| 22 | | ४४(१) को क र ख | शिक्षक सेवाको पदपूर्ति तालिका | प्रथम, द्वितीय र तृतीय गरी ३ श्रेणी मात्र रहेको । | विशिष्ट सहित चार ओटा श्रेणी विभाजन गर्ने र प्रतिशत मिलाएर तालिका बनाउने । | शिक्षण पेसामा आकर्षण बढाउन । |
| 23 | | ४४(३) | स्थायीत्वको लागि आयोगको प्रतिस्पर्धा | सिमित प्रतिस्पर्धा (आन्तरिक) ५०% र खुला ५०% | राहत, साविक उमावि र अस्थायी /करार, शैक्षिक अनुदान,विशेष शिक्षा र प्राविधिक धारका शिक्षकलाई समायावधि हेरी दुई हिस्सामा १००%, र ७५% को आन्तरिक प्रतिस्पर्धाको परीक्षा गर्ने र परीक्षामा उत्तीर्ण नहुनेलाई अस्थायी शिक्षक सरह गोल्डेन हेन्डसेकको प्रबन्ध गर्ने । | - २०७५ सालको अस्थायी शिक्षक व्यवस्थापनको नजीर अनुसार ।<br>- नेपाल सरकार र ने.शि. महासङ्घ बीचर भएको २०८० असोज ५ को सहमतीको बुँदा नं. २(ट) अनुसार । |
| 24 | | ४४(६) | साविक उ.मा.वि (११ र १२ का शिक्षक) | खुला परीक्षामा सामेल हुन एकपटक उमेरको हद नलाग्ने | खुला तथा तोकिएको आन्तरिक परीक्षा दिन उमेरको हद लाग्ने छैन । | अब स्थायी हुँदा योगदानमा आधारित निवृत्तीभरण लागू हुने भएकोले उमेरको हद प्रासङ्गिक छैन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 25 | | ४७(२) | खाली पद आयोगमा पठाउने । | स्थानीय तहको प्रशासकिय प्रमुखले | स्थानीय तहले जि.शि.का.मा पठाउने र जि.शि.का.ले पालिकागत तथ्याङ्क सहित आयोगमा पठाउने । | आधारभूतको परीक्षाको एकाइ जिल्ला र माध्यमिक तहकालागि प्रदेश रहेकोले । |
| 26 | | ४८(२) | नियुक्ति र पदस्थापना | आयोगले तोकेको योग्यता कमको आधारमा पदस्थापना गर्नुपर्ने । | आयोगले तोकेको योग्यताकमको आधारमा रिक्त दरबन्दी रोज्न लगाई पदस्थापना गर्नुपर्ने । | निष्पक्षताको लागि । |
| 27 | | ४९ | व्यक्तिगत विवरण | स्थानीय तहले । | स्थानीय तहले जि.शि.का.मा र जि. शि.का.ले शिक्षक किताब खानामा पठाउने । | पालिका र जिल्लाको काममा समन्वय र सम्बन्ध हुने । |
| 28 | | दफा ५० (घ) | शिक्षकको योग्यता | प्रवेश उमेर ३५ वर्ष | ४० वर्ष नै कायम राख्ने । | पहिले देखि रही आएको । |
| 29 | ६ | ५३ (१) | तलब भत्ता | उल्लेख छैन । | - शिक्षकको तलबभत्ता समान तह रश्रेणीका निजामती कर्मचारीकोभन्दा कम हुनेछैन<br>- एकतहमा स्थायी भएका शिक्षक खुला परीक्षाबाट अर्को तहमा स्थायी भएमा निजको तलवभत्ता पहिले खाएको तलव र ग्रेडको योगफलभन्दा कम हुने छैन । | -शिक्षक र कर्मचारी बीचको तलवको समानताको् सुनिश्चितीको लागि ।<br>- खाइपाई आएको सुविधा घट्न नहुने सिद्धान्त अनुसार |
| 30 | | ५३(२) | ग्रेड(तलब बृद्धि) | लेखिएको छैन र थप्नुपर्छ ।(उपदफा ७ र ८) | -शिक्षकको अधिकतम ग्रेड सङ्ख्या समान तह र श्रेणीका निजामती कर्मचारीसँग बराबर हुनेछ । | - मौजुदा ग्रेड विभेद अन्त्य गर्न ।<br>- शिक्षण पेसा आकर्षक बनाउन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | - सबै तालिम प्राप्त स्थायी शिक्षकलाई प्राविधिक ग्रेडको व्यवस्था गरिनेछ । | |
| 31 | | दफा ५८ | औषधी उपचार खर्च सम्बन्धी व्यवस्था ५८(४) थप गर्ने । | -थप औषधीउपचार खर्च हटाएको(शिक्षा नियमावली २०५९ ले दिएको सुविधा हाल हटाइएको छ ) | स्थायी सेवा बीस, पच्चीस र तीस वर्षभन्दा बढी हुनेको हकमा क्रमशः १०, १५ र २० प्रतिशत उपचार खर्च थपहुनु पर्ने प्रबन्धको निरन्तरता दिने व्यवस्था गर्ने ।(पहिले पाएको सुविधा) | खाइपाइ आएको सुविधा घटाउन नमिल्ने । |
| 32 | | ५९ | शिक्षकले पाउने विदा | हाल ७ खालका विदा मात्र छन् । | वेतलवी विदा थप्नु पर्ने ।( यो पहिले देखि पाइ आएको सुविधा हो ।) | खाइपाइ आएको सुविधा घटाउन नमिल्ने । |
| 33 | ७. | दफा ६० (२) | शिक्षकको सरुवा | सबै स्थानीय तहले गर्ने गरी प्रस्तावित गरिएको । | -पालिकाभित्रको सरुवा शिक्षक को निवेदन र दुबैतिरको वि.व्य.स.को सिफारिसमा स्थानीय तहले गर्ने ।<br>-जिल्लाभित्र अन्तरपालिका सरुवा दुबै स्थानीय तहको सिफारिसमा जि.शि.का.ले गर्ने ।<br>-प्रदेश भित्रको जिल्लान्तर सरुवा दुबै तिरको जि.शि.का.को सिफारिसमा प्रदेश निर्देशनालयले गर्ने ।<br>- अन्तर प्रदेश सरुवा प्रदेश निर्देशनालयको सिफारिसमा शिक्षा विभागले गर्ने । | -तहगत सरुवाले शिक्षक र शिक्षाका सबै तहका एकाइ बीच सम्बन्ध रहने<br>- पालिकाबाट हुनसक्ने पूर्वाग्रह र ज्यादती छेकिने<br>- शिक्षा मन्त्रालय र ने.शि.महासङ्घको २०७८ फाल्गुण ९ मा भएको सहमतीको बुँदा नं. ७ अनुसार । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 34 | | ६०(५) | कार्यरत शिक्षकको अन्तरपालिका सरुवा | ३ वर्ष पूरा नभएसम्म सरुवा गर्न पाइने छैन । | १ वर्ष पूरा नभएसम्म सरुवा गर्न पाइने छैन । | पहिले पनि १ वर्ष रहेको । |
| 35 | | दफा ६१ (१) | शिक्षकको बढुवा | तीन ओटा ( आन्तरिक प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन) मात्र आधार छन् | -आवधिक बढुवा( हरेक दश वर्षमा) समेत थपी ४ ओटा आधार बनाउने । | -लामो समय बढुवा नभएका शिक्षकलाई न्याय दिन ।( २०६० र २०६३ मा स्थायी भएका थुप्रै शिक्षक अझै तृतीय श्रेणीमा नै रहेको अवस्था छ ।) |
| 36 | | ६१(३) | कासमू प्राप्ताङ्क | (क) मा ३० र (ख) मा ४० उल्लेख छ । | दुबैमा समान अर्थात् ३५ र ३५ गराउने । | जेष्ठतालाई सम्मान गर्न । |
| 37 | | ७०(३) | बढुवा सम्बन्धी विशेष व्यवस्था | विशिष्ट श्रेणीको दुइटा पद रहने । | यो पद सके कम्तीमा ५ गराउने । | २०८०।०६।०५ को सहमती । |
| 38 | | ७०(४) | बढुवा सम्बन्धी विशेष व्यवस्था | विशिष्ट श्रेणीको बढुवामा प्रथम श्रेणीमा १५ वर्ष सेवा अवधि हुनुपर्ने । | विशिष्ट श्रेणीको बढुवामा कम्तीमा ५ वर्षको सेवा अवधि भएको हुनु पर्ने प्रबन्ध गर्ने । | -सबै श्रेणीमा एकरुपता कायम गर्न ।<br>- २०८० को सहमतीको बुँदा २(ख) |
| 39 | | ७०(६) | बढुवा सम्बन्धी विशेष व्यवस्था | हाल छैन र त्यसैले थप्ने ।( दफा ६ र ७) | क)तल्लो तह(प्रा.वि./ नि.मा) तहमा कार्यरत शिक्षकको माथिल्लो तहको योग्यता र तालिम भएमा तिनको बढुवा गर्दा माथिल्लो तह(क्रमश: नि.मा./मा.वि)मा बढुवा हुने व्यवस्था गर्ने । | -योग्यता भएको शिक्षकलाई माथिल्लो तहमा लैजान ।<br>- शिक्षकलाई उत्साहित र अभिप्रेरित गर्न । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ख)एउटै श्रेणीमा १० वर्ष सेवा गरेका शिक्षकको स्वतः एक श्रेणी बढुवा हुने व्यवस्था गर्ने । | |
| 40 | ८ | दफा ७३ | राजनैतिक कियाकलापमा संलग्न हुन नहुने । | सदस्यता लिने तथा राजनैतिक गतिविधिमा संलग्न हुन निषेध । | - पार्टीका विभिन्न तहका समितिको पदमा रहन, राजनीतिक पद लिन, राजनीतिक चुनाव लड्न  र प्रचारमा सामेल हुन नहुने विषय मात्र लेख्ने । | वैचारिक आस्था राख्न पाउने अधिकार( संविधानको धारा १८(३) को सम्मान गर्न ।( यो कुरा  शिक्षकको आचार संहितमा राख्ने) |
| 41 | | ७४(२) | लेख प्रकाशन तथा प्रसारण | पेसागत हक अधिकार र सुरक्षाको पक्षमा लेख्न पाउने बारे मौन । | पेसागत हक ,अधिकार र सुरक्षाका पक्षमा लेख्न  र प्रकाशन गर्न पाइने व्यवस्था गर्ने । | पेसागत हक अधिकारको सुरक्षाको पक्षमा उभिन । ट्रेड युनियन अधिकार ( संविधानको धारा ३४(३) |
| 42 | | ७५ | -दान उपहार आदि | लिन नपाउने । | यो दफा अनावश्यक । | यसको कुनै सान्दर्भिकता छैन । |
| 43 | | ७६ | -सहकारी लगायतको संलग्नता । | रहन नपाउने । | यो दफा पनि अनावश्यक । | |
| 44 | | ७८ | प्रदर्शन र हड्ताल गर्न । | प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध गरेको | यो दफा संविधानको धारा ३४(३) विपरित हुनाले हटाउने | संविधानको भावना विपरित रहेको । |
| 45 | | दफा८९,८० ८१,८२ र ८३ | विविध विषय | निषेध गरिएको । | आचार संहितामा राख्ने । | विगतमा पनि यस्ता कुरा आचारसंहितमा भएको । |
| 46 | | दफा ८४(ख) र (ग) | चेतावनी दिन सकिने | -आदेश पालना नगरेमा ।<br>- पदीय मर्यादा अनुकूल कार्य नगरेमा । | -आदेश शब्द हटाउने । कस्तो आदेश भनी परिभाषित  गर्ने ।<br>- यो पनि खासरुपमा परिभाषित छैन । | ठोस अर्थ नहुने शब्दावली वा वाक्य राख्न हुँदैन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 47 | | ८८(१) | सेवाबाट हटाउने । | ( ग )बुँदा रहेको( यो कसरी प्रमाणित गर्ने) | यी हटाउने । | यसमा गलत नियत राखेर कार्बाही गर्न ठाउँ रहन्छ । |
| 48 | | ८९(ख) | दफा ८७ को तलब बृद्धि तथा बढुवा रोक्का गर्ने कारबाही । | सजाय गर्ने अधिकारी: स्थानीय तहको प्रमुख प्रशाशकीय अधिकृत । | जिल्ला शिक्षा अधिकारी | - स्थानीय आग्रहबाट शिक्षकलाई जोगाउन । |
| 49 | | ८९(ग) | सेवाबाट हटाउने कारबाही | सजाय गर्ने अधिकारी: स्थानीय कार्यापलिका | प्रदेश निर्देशनालयको प्रमुख/ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रमुख । | -बढुवा प्रदेशमा हुँदा कार्वाही अधिकार प्रदेशमा हुनुपर्ने ।<br>- हाल रहीरहेको प्रबन्ध ।<br>- २०८०।०६।०५ को सहमती । |
| 50 | १० | दफा ९९(४) | निवृत्तीभरण | २०७५ चैत्र ४ अघि स्थायी हुने शिक्षकको हकमा सेवा निवृत्त हुँदा पेन्सन अवधि नपुगे बढीमा सात वर्ष अस्थायी अवधि थप्ने । | -यो ऐन जारी हुनभन्दा अघि स्थायी हुने शिक्षक उमेरका कारण सेवा निवृत्त हुँदा पेन्सन अवधि नपुगे अस्थायी सेवाबाट आवश्यक अवधि थप्न मिल्ने व्यवस्था गर्ने ।<br>- आयोगको परीक्षा दिंदा ४० ननाघेका तर नतिजा आई नियुक्ति लिंदा ४० नाघेको कारणले निवृत्तीभरण नपाउने शिक्षकलाई परीक्षा दिंदाको समयलाई सेवा शुरु मानी निवृत्तीभरण दिने । | -हालको नयाँ सहमती अनुसार । ( २०८०।०६।०५)<br>- लामो अस्थायी सेवा गरेर स्थायी भएका शिक्षकलाई न्याय दिन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 51 | | ९९ | दफा ७ थप गर्ने । टुटेको सेवा अवधि | टुटेको अवधि गणना गर्ने प्रबन्ध छैन । | द्वन्द पीडित, द्वन्द कालमा मारिएका, लामो समय शिक्षक आन्दोलनमा भूमिका अदा गरेका शिक्षकहरु, पञ्चायतकालमा राजनैतिक आरोपमा निष्काशननमा परेका शिक्षकहरुको टुटेको अवधि जोडी सुविधा( उपादान वा पेन्सन) दिने व्यवस्था गर्ने । | हालको नयाँ सहमती ( २०८०) अनुसार । |
| 52 | | १०६(३) | पुनः बहाली भए सुविधा पाउने | द्वन्द पीडित शिक्षक रहेको । | द्वन्द पीडित र द्वन्दकालमा मारिएका र शिक्षक आन्दालेनमा लागेका र सेवा नजोडिएका कारण सुविधा नपाएका तथा पञ्चायत कालमा निष्कासनमा परेका शिक्षकहरु समावेश गर्ने । | सबै पीडितलाई समान न्याय दिन । |
| 53 | | दफा १०७(२) | योगदानमा आधारित निवृत्तीभरण | २०७५चैत्र ४ सम्मको समय सिमा राखिएको । अर्थात निवृत्तीभरण कोष ऐनको मिति विधेयकमा लेखिएको । | यो ऐन जारी भएपछि भनी समय सिमा राखिनुपर्ने र यो ऐन जारी हुनु अघि स्थायी नियुक्ती पाएका सबै शिक्षकले पुरानै प्रणालीबाट पेन्सन दिने व्यवस्था गर्ने । त्यसपछि स्थायी हुनेको हकमा योगदानमा आधारित निवृत्तीभरण लागू गर्ने । | -निजामती सरह गर्ने ।<br>-शिक्षकको हकमा अर्को प्रणाली आरम्भ नभएकोले । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 54 | ११ | १०८(३) | विद्यालय कर्मचारी रहने । | कर्मचारीको सेवा शर्त सुविधा स्थानीय तहको कानुन वमोजिम हुने । | -कर्मचारीको सेवा शर्त सुविधा सङ्घीय कानुनले तोकेको राष्ट्रिय मापदण्ड अनुसार हुने । | सहमती अनुसार । |
| 55 | | १०९(४) | कर्मचारी सम्बन्धी विशेष व्यवस्था । | स्थायी हुने प्रयोजनका लागि परीक्षा लिने । | - अहिले कर्मचारीका कोटामा कार्यरत रहेका कर्मचारीको हकमा उमेरको हद नलगाई आयोगबाट आन्तरिक परीक्षा द्वारा स्थायी गर्ने व्यवस्था गर्ने । | सहमती अनुसार । |
| 56 | | १०९(७) | विद्यालय कर्मचारी को तलव भत्ता | तलवभत्ता स्थानीय तहले व्यहोर्ने । | तलबभत्ता नेपाल सरकारले व्यहोर्ने | स्थानीय तहमा त्यो आर्थिक क्षमता रहँदैन । |
| 57 | | १४०(२) | प्रदेश तहको अधिकार । | (ञ) थप गर्ने । | सङ्घीय ऐनमा तोकिए वमोजिम विद्यालयको स्वीकृती र खारेजी एवम् शिक्षकको विभागीय कार्बाही | प्रदेशलाई दिएका अधिकारहरुको व्यवस्थापनका लागि । |
| 58 | | १४०(३) को ग | स्थनीय तहको अधिकार । | आधारभूत र माध्यमिक तहको अनुमती, सञ्चालन र नियमन | तोकिए वमोजिम विद्यालयको अनुमती , सञ्चालन र नियमन । | अधिकारको बाँडफाँड पछि अवस्थालाई समायोजन गर्न । |
| 59 | १५ | १५७ | मार्ग दर्शनको रुपमा लिनु पर्ने । | मार्गदर्शनको रुपमा लिने । | यो ऐनसँग बाझिने गरी स्थानीय र प्रदेश तहले ऐन बनाउन पाउने छैन । | -सङ्घीय ऐन मानक ऐन भएकोले र २०७८ को सहमतीको बुँदा नं १२ |
| 60 | १५ | १६०(च) | राष्ट्रिय मापदण्ड बनाउन सक्ने । | सर्वाजनिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था । | सर्वाजनिक विद्यालयका शिक्षक तथा कर्मचारीको व्यवस्थापन र दरबन्दी सम्बन्धी व्यवस्था । | मुख्य दायित्व सङ्घको रहेकोले । |

<table>
<tr><td>61</td><td>१५</td><td>१६१</td><td>नियम बनाउने अधिकार ।</td><td>(ब) र (भ) थप गर्ने</td><td>- राष्ट्रिय योग्यता प्रारुप ।<br>-अनौपचारिक र आजीवन शिक्षा ।</td><td>- छुटेको ।</td></tr>
<tr><td></td><td colspan="5">छुटेका विषयहरुः परिच्छेद-१५ विविधमा हाल्ने ।<br>१ शिक्षण काउन्सिल : शिक्षक-कर्मचारीको रजिस्ट्रेसन, तालिम र पेसागत विकासमा काम गर्न एक शिक्षण काउन्सिल रहने ।<br>२. पद समायोजनः यस अघि तात्कालीन शिक्षक छनोट समिति वा आयोग द्वारा सोझै प्रा.वि.द्वितीय, नि.मा.द्वितीय श्रेणीबाट सेवा प्रवेश गरेका र त्यही पढबाट बढुवा समेत भएका शिक्षकहरुको हकमा उनीहरुको पद अनुसार माथिल्लो तहको समान स्तरको माथिल्लो तहको पदमा समायोजन हुने । दफा ४२ मा थप्ने ।<br>३. आन्तरिक परीक्षाको व्यवस्थाः विभिन्न कारणबाट आन्तरिक परीक्षामा सामेल हुन नपाइ विस्थापनमा परेका तात्कालीन अस्थायी शिक्षकलाई परीक्षा दिन पाउने व्यवस्था गर्ने<br>४. शिक्षक अस्पतालः शिक्षकको सुविधा युक्त उपचारको लागि शिक्षक अस्पतालको प्रबन्ध गर्ने ।</td><td></td></tr>
</table>

नोटः शिक्षकको आचरण,विभागीय सजाय,वर्खास्तगी जस्ता कुरा नियमावलीमा राख्ने ।

समाप्त